# उर्लाबारी नगरपालिकाको

## आर्थिक वर्ष २०८३।०८४ को

## बजेट वक्तव्य

उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश

उर्लाबारी, मोरङ

# उर्लाबारी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनमा

## नगर उप-प्रमुख मीना कुमारी खतिवडाद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३।०८४ को

# <u>बजेट वक्तव्य</u>

**नगरसभाका अध्यक्षज्यू,**

उर्लाबारी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनको यस बैठकमा उपस्थित नगरसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथीहरु तथा संचारकर्मी मित्रहरु, यहाँहरु सबैलाई हार्दिक स्वागत एवम् न्यानो अभिवादन व्यक्त गर्दछु ।

यस गरिमामय सभामा सम्बोधन गरिरहदा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुलाई स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु ।

उर्लाबारी नगरपालिकाको नगर सभाको चौधौं अधिवेशनबाट पारित आ.व २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । विगतका आर्थिक वर्षको अनुभव, उपलब्धी र सिकाइलाई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमाको क्रममा मुख्य आधारको रुपमा ग्रहण गरिएको कुरा सबैमा अनुरोध गर्न चाहन्छु ।

***सभाध्यक्ष महोदय,***

यस नगरपालिकाको आ.व २०८३।०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका क्रममा नगर प्रमुखज्यू, जन प्रतिनिधीज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि ज्यूहरु, विद्यालयका प्रधानाध्यापकज्यूहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु, बुद्धिजिवी वर्ग, शुभेच्छुक महानुभावहरु, लक्षित वर्गका प्रतिनिधिज्यूहरु, सरोकारवाला तथा सम्पूर्ण नगरबासीहरुबाट प्राप्त सुझावहरु हृदयङ्गम गरि नगरवासीको आवश्यकता, नगरपालिकाको प्राथमिकता एवं नगरपालिकाको स्रोत र साधन बीच सन्तुलन कायम गर्ने प्रयास गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म यस गरिमामय सभामा चालु आ.व २०८२।०८३ को नीति, कार्यक्रम तथा बजेटको संक्षिप्त रुपमा समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

- चालु आर्थिक वर्षमा थप सशर्त अनुदान सहित कुल रकम रु १ अर्ब २० करोड २२ लाख ६४ हजार ५ सय विनियोजन भएकोमा कुल बजेटको ८७.९५ प्रतिशत रकम आय संकलन हुने अनुमान गरिएको च । चालु वजेटको ७०.७५ प्रतिशत वित्तिय प्रगति रहेको छ भने पूँजीगत बजेटमा ७५.४८ प्रतिशत प्रगति हुने देखिएको छ । हालसम्ममा रु ७४ करोड ९१ लाख ९५ हजार ७६४ रुपैया खर्च भई कुल बजेटको ६६.९५ प्रतिशत वित्तिय प्रगति देखिएको छ ।

**चालु आ.व. मा यस नगरपालिकाका विषयगत क्षेत्रबाट भए/गरेका केही महत्त्वपूर्ण कार्यहरूको संक्षिप्त प्रगति विवरण देहाय बमोजिम रहेको छः**

**१) प्रशासन, कानून निर्माण एवम् संस्थागत विकास तर्फः**

- भाद्र २३ र २४ को आन्दोलनको क्रममा नगर कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा भएको आगजनी तथा तोडफोडका कारणले अप्रत्यासित रुपमा भएको क्षति र सोको कारणले अवरुद्ध सार्वजनिक सेवालाई वैकल्पिक व्यवस्था गरि दशैं अगावै सुचारू गरिएको थियो भने पुनर्निर्माणका लागि चालू आर्थिक वर्षको बजेटमा आवश्यक संशोधन मार्फत् श्रोत व्यवस्थापन गरि दशै लगतै पुनर्निर्माणको कार्य थालनी गरिएको थियो । फराकिला मन भएका दाता, जनप्रतिनिधी ज्यूहरुको कुशल नेतृत्व, कर्मचारीहरुको कृयाशीलता, प्रदेश सरकार तथा अन्य संघ संस्थाहरुको समन्वय र सहयोगले फाल्गुण महिना भित्र कार्यालयहरुको पुनर्निर्माण कार्य आशातीत रुपमा सम्पन्न गरिएको छ । यसका लागि आदरणीय दाता तथा सहयोगी मनहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । चालू आर्थिक वर्षको बजेटबाट पुनर्निर्माणका लागि कुल खर्च १ करोड ४ लाख भएको छ ।

- हालसम्ममा १३ वटा नियमित तथा २ वटा बिशेष गरि जम्मा १५ वटा नगरसभाका अधिवेशन सम्पन्न भएका छन् ।

- संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक गरी कुल दरबन्दी संख्या १८८ स्वीकृत भएकोमा हाल १६२ कर्मचारीबाट सेवा प्रवाह भई रहेको छ भने रिक्त पदमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग समक्ष पठाईएको छ ।
- हालसम्म कार्यपालिका र नगरसभाबाट जम्मा १५० वटा कानूनहरु निर्माण भएका छन् । जसमध्ये १९ वटा कानूनहरु समय सापेक्ष संशोधन गरिएका छन् भने ६ वटा कानूनहरु खारेज गरिएको छ ।

- सेवा प्रवाहमा सहजता तथा प्रभावकारिताका लागि नगर कार्यपालिकाको कार्यालयमा आकर्षक र सेवाग्राहीमैत्री नागरिक सहायता कक्ष निर्माण गरिएको छ । यसका साथै वडा कार्यालयहरुमा समेत नागरिक सहायता कक्ष व्यवस्थित गरिएको छ ।

- म तिर्छु कर, बनाउनु उर्लाबारी नगर अभियान २०८२ साल मंसिर ११ गते देखि सुरु भई २०८२ पुस २९ गते सम्म सञ्चालन भएको थियो। यस अभियानको मुख्य उपलब्धी भनेको छोटो समयमै उल्लेखनीय मात्रामा राजस्व संकलन गर्नु हो। सामान्यतया १३० दिनको अवधिमा कुल अर्धवार्षिक राजस्वको ६५.४३% संकलन भएकोमा, अभियान सञ्चालनको ४१ दिनमा नै ३४.५६% राजस्व संकलन हुन सफल भएको छ। साथै, अभियान सकिए पश्चात् पनि राजस्व संकलनको क्रम बढ्दो दरमा रहेको पाइएको छ। अभियान सञ्चालन अवधिमा जम्मा रु. १ करोड ७ लाख ५४ हजार ,८ सय ६९ राजस्व संकलन भएको थियो । पसल तथा व्यवसायसँग सम्बन्धित शीर्षकहरूमा हेर्दा, व्यवसाय कर बापत रु. २ लाख ,९० हजार ७ सय र व्यवसाय रजिष्ट्रेशन दस्तुर बापत रु. ९७ हजार ४ सय संकलन भएको थियो ।

- महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण प्रतिवेदनमा तोकेका बेरुजु मध्ये चालु आ.व. मा रु. ३ करोड ९ लाख ५० हजार ५ सय ६३ को बेरुजु फछ्यौंट गरिएको छ भने कुल बेरुजु २२ करोड १० लाख ८४ हजार २ सय ३४ रुपैया रहेको छ ।

- आ.व. २०८१।०८२ को स्थानीय शासन कार्यसम्पादन मूल्यांकनमा स्वमूल्यांकन **(LGPAS)** वापत १०० पूर्णाङ्कमा ७५.५ अंक मूल्यांकन गरिएको ।
- बैशाख महिना देखि गरिएको साप्ताहिक बजार अनुगमनले उपभोक्ता हित संरक्षण तथा नगरपालिकाको आन्तरिक आय वृद्धिमा सकारात्मक योगदान पुगेको विश्वास लिएकी छु ।

## २) भौतिक विकास तर्फः

- उर्लाबारी बजार क्षेत्रमा गरिएको अपाङ्गमैत्री पेभल तथा रेलिङ्ग निर्माण एवं पुष्पनगरी सौन्दर्यीकरण परियोजना कार्यान्वयनले बजार क्षेत्रमा आम नागरिको आवतजावत सहज हुनुका साथै उर्लाबारी बजारको सौन्दर्यमा नयाँ आयाम श्रृजना भएको छ ।
- नगर गौरवको योजनाको रुपमा रहेको बक्राहा विष्णु गंगाघाट निर्माण योजना अन्तर्गत पश्चिम बक्राहा घाट निर्माण सम्पन्न भई दुवै तर्फ सञ्चालन हुने अवस्थामा पुगेको छ ।
- चालू आर्थिक वर्षमा उर्लाबारी बसपार्क निर्माण, उर्लाबारी-६ को ठेक्का सम्झौता भई भौतिक प्रगति ६०% र वित्तीय प्रगति ५२.४०% पुगेको छ भने आगामी वर्षमा आयोजना सम्पन्न गरि आधुनिक बसपार्क सञ्चालनमा आउनेछ ।
- संघीय समपुरक योजना अन्तर्गत नगरपालिकाको ७०% भन्दा बढी लगानीमा सुविधाझोडा र देविझोडा जोड्ने तेली खोला पुल निर्माण सम्पन्न भई २०८३ साल असार ३ गते समुदघाटन सम्पन्न भईसकेको छ । यसका साथै सम्पूर्ण रुपमा नगरपालिकाको लगानीमा बासैंचौरीमा पुल निर्माण तोकिएको म्याद अगावै सम्पन्न हुने अवस्थामा रहेको छ । यसबाट सो क्षेत्रमा बाह्रै महिना विपद्को जोखिम विना आवागमन सहज हुने विश्वास लिएकी छु । यी दुवै परियोजना समयमै सम्पन्न गर्न अहोरात्र खटिनु हुने प्राविधिक कर्मचारी, निर्माण व्यवसायी तथा सहयोग गर्नुहुने स्थानीय समुदाय प्रति आभार व्यक्त गर्दछु । साथै यसबाट नगरपालिकाको विनियोजन कुशलता तथा जटिल प्रकृतिका निर्माण गर्ने क्षमता समेत बढेको महसुस गरेकी छु ।

- उपभोक्ताको ४० प्रतिशतको लागत साझेदारीमा सडक निर्माण परियोजना उत्साहजनक रुपमा सफल देखिएको छ । यस अन्तर्गत प्रमुख रुपमा लालीगुरांस मार्ग, वाणिज्य टोल सडक, सिद्धार्थ टोल सडक, पशुपति बोर्डिङ्ग दक्षिण सडक, सिर्जना टोल सडकको कालोपत्रे तथा पेभल निर्माण मार्फत् स्तरोन्नति गर्रिँदै छ । उर्लाबारी नगरवासीले देखाएको यस स्तरको साझेदारी र सहभागिता उदाहरणीय र अन्य स्थानीय तहका लागि अनुकरणीय समेत छ ।
- प्रदेश समपुरक अनुदान अन्तर्गत नगरपालिकाको ७०% भन्दा बढी लगानीमा खानेपानी मार्ग कालोपत्रे परियोजना दोश्रो चौमासिक अवधि मै सम्पन्न गरिएको छ भने भद्रमारी मार्ग सम्पन्न हुने क्रममा रहेको छ ।
- यसका अतिरिक्त बाघखोर देखि कृषि मार्ग सडक, पीपल डांगी सडक कालोपत्रे गरिएको छ भने १ किलोमिटर भन्दा बढी सडक मर्मत गर्रिदै छ ।
- संस्थागत पुर्वाधार विकास नभई सेवा प्रवाह प्रभावकारी हुन नसक्ने भएको हुँदा यसका लागि तर्जुमा गरिएको परियोजनाहरु अन्तर्गत वडा नं. ४ को कार्यालय भवन निर्माण सम्पन्न हुने अवस्थामा पुगेको छ भने यथाशीघ्र नयाँ भवनबाट सेवा प्रवाह हुने विश्वास लिएकी छु ।पशु सेवा कार्यालयको भवन निर्माण सम्पन्न भई भेटरीनरी अस्पतालको रुपमा रुपान्तरण सम्भव देखिएको छ । वडा कार्यालयहरुमा घेराबेरा, पार्किङ्ग तथा बगैंचा निर्माण क्रमश गरिएको छ भने आधारभुत स्वास्थ्य केन्द्रहरुमा ट्रस निर्माण सम्पन्न भएको छ ।
- सालबारी खेल मैदानलाई प्राथमिकतामा राखि पूर्वाधार निर्माण गरिएको छ भने अधुरो ब्याडमिन्टन कभर्ड हल सञ्चालन हुने अवस्थामा पुगेको छ ।
- चालु आ.व. को वैशाख १५ गते सम्मको अवधीमा भौतिक पूर्वाधार तर्फ १८६६ मिटर सडक कालोपत्रे, १५२१ मिटर पेभिङ ब्लक निर्माण, २६६ मिटर ड्रेन निर्माण, २७६२ मिटर साइडवाल, ३७५८ मिटर सडक ग्राभेल, ७ वटा पुल/कल्भर्ट निर्माण तथा १४ वटा भवन संरचनाहरुको निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।

### ३) वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः

- विपद् जोखिमा न्यूनिकरण तथा वातावरण संरक्षणको क्षेत्रमा नदी नियन्त्रण तथा तटबन्धन निर्माण, डुवान नियन्त्रण, वृक्षारोपण कार्यक्रमहरु नियमित रुपमा संचालन गरिदै आइएको छ ।
- आपतकालिन कार्य संचालन केन्द्र मार्फत् दमकल, एम्बुलेन्स तथा शववाहन सेवा २४ सै घण्टा उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।
- आगलागी नियन्त्रणको लागि संचालित बारुण यन्त्र सेवाबाट यस आर्थिक वर्षमा मात्र ५७ वटा आगलागिका घटनामा नियन्त्रणमा लिइएको छ।
- वातवारण संरक्षणलाई प्राथमिकतामा राख्दै स्वीकृत IEE बमोजिम बक्राहा र मावा खोलाबाट नदीजन्य पदार्थ व्यवस्थापनका लागि ठेक्का लगाई सम्पन्न गरिएको छ । जसबाट स्थानीय विभाज्य कोषमा २ करोड ६५ लाख ४२ हजार २ सय २० रुपैया राजश्व प्राप्त भई प्रदेश सरकार र स्थानीय सरकार बीच प्रचलित कानून बमोजिम बाँडफाँड गरिएको छ । यद्यपी वन क्षेत्र अन्तर्गत रहेका सोल्टी तथा तेली खोलाबाट कानूनी जटिलताका कारण नदीजन्य पदार्थ व्यवस्थापन गर्न सकिएको छैन ।

### ४) आर्थिक विकास तर्फः-

- कृषिमा यान्त्रिकरण प्रवर्धन गर्ने नीति अनुरुप कम्बाइन ट्र्याक हार्वेष्टर, बेलर, कम्बाइन ट्रलि र ट्र्याक्टर खरिद भई लक्षित किसानलाई हस्तान्तरण गरिएको छ । बगर खेती कार्यक्रम अन्तरगत २२ विगाहा क्षेत्रफलमा खरभुजा खेती गरिए पनि असिनाबाट भएको क्षतिका कारण पर्याप्त लाभ लिन नसकिएको अवस्था छ । ३२० हेक्टर जमिनमा चैतेधान खेती संचालन गरिएको, शुन्य खनजोतबाट मकै खेती, मकैवाली पकेट कार्यक्रम, उन्नत विउ विजन वितरण कार्यक्रम सम्पन्न गरि किसानहरु लाबान्वित भएको अवस्था छ ।
- पशुपंक्षी स्वास्थ्य उपचार सेवा, रोग निरोधक खोप कार्यक्रम, कृतिम गर्भधान नश्ल सुधार, पशु आहार विकास कार्यक्रम, जुनोटिक रोग न्यूनीकरणका लागि सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण शिविर, व्यवसायिक फर्म प्रवर्द्धन कार्यक्रम, पशुजन्य उत्पादनहरुको बजारीकरण तथा गुणस्तर नियन्त्रणको कार्य गरिनुको साथै स्वच्छ र गुणस्तरीय मासुजन्य पदार्थको विक्रि वितरणको सुनिश्चितताका लागि मासु पसल तथा फ्रेस हाउस संचालन सम्बन्धी मापदण्ड स्वीकृत गरी सोको कार्यान्वयन

भई रहेको छ । महामारीको रुपमा फैलिएको वर्डफ्लु रोग सरोकारवाला निकाय र व्यवसायीको सहकार्यमा नियन्त्रण गरिएको छ ।

- सहकारी क्षेत्र तर्फ सहकारीहरुको सघन तथा नियमित अनुगमन कार्य गरिएको छ ।
- रोजगार सेवा केन्द्र मार्फत् योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत ४२ जना श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको, २९३ जना व्यक्तिहरुलाई पुनःश्रम स्वीकृति पत्र दिइएको, वैदेशिक रोजगारीमा गएको व्यक्तिको परिवारलाई वैदेशिक रोजगार बोर्डवाट प्राप्त हुने मृत्यु पछिको क्षतिपुर्ति रकम ९ जना व्यक्तिका लागि सहजिकरण, सम्बन्धित देशबाट घरसम्म निशुल्क शव ढुवानी ९ जना, ३ जना व्यक्तिलाई पारिवारिक स्वास्थ्य उपचारको लागि सहजिकरण गरिएको र २९ जना बालबालिकालाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति उपलव्ध गराउन सहजिकरण गरिएको छ । यसका साथै कृषकहरुलाई उद्ममशिलता तालिम, वेमैसमी खेति र साइलेज बनाउने तालिम, युवाहरुलाई वारिष्टा र कुक तालिम प्रदान गरी स्वरोजगार बनाउन अभिप्रेरित गरिएको छ । रेमी र सामी परियोजना मार्फत मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण, पुनर्ताजगकी र घरदैलो कार्यक्रम, उद्ममशिलता विकास तालिम, विप्रेषण व्यवस्थापन कक्षा, सामुदायक अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ ।
- पर्यापर्यटन कार्यक्रम अन्तर्गत बेतिनी सिमसार क्षेत्रमा सभाहल निर्माण अन्तिम चरणमा पुगेको छ । अन्य सामुदायिक वनमा समेत पर्यापर्यटन पूर्वाधार निर्माण गरिएको छ ।

## ५) सामाजिक विकास तर्फः-

- शिक्षा तर्फ गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि विद्यालयहरुको अनुगमन थप प्रबावकारी बनाउनुपर्ने देखिएको छ । बालविकास केन्द्रलाई सबलिकरण गर्ने प्रयोजनार्थ सबै सामुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रको अनुगमन सुपरिवेक्षण गरी आवश्यक बाल बिकास सामग्री उपब्ध गराईएको छ । संघीय विशेष अनुदान अन्तर्गत सञ्चालित उर्लाबारी गुणस्तरीय शिक्षा तथा साक्षरता

परियोजना मार्फत् विद्यालय भौतिक पूर्वाधार विकासमा गुणात्मक सुधार गरिएको छ । कक्षा कोठा तथा शौचालय निर्माण, जस्ताका छाना फेर्ने, घेराबेरा, **CCTV Camera** जडान, ICT  सामग्रीको आपूर्ति, विद्यालय पूर्वाधार मर्मत लगायतका कार्यबाट सबै सामुदायिक विद्यालय लाभान्वित भएको अवस्था छ । यस परियोजनाको सफलताका लागि प्रमुख साझेदारका रुपमा रहनु भएका विद्यालय व्यवस्थापन, प्रधानाध्यापक तथा शिक्षक वर्ग प्रति आभार व्यक्त गर्न चाहन्छु साथै उर्लाबारी नगरपालिकाको शैक्षिक उन्नयनमा थप क्रियाशीलताको अपेक्षा गरेकी छु ।

- जनस्वास्थ्य तर्फ आर्थिक वर्ष २०८२/०८३ मा उर्लाबारी नगरपालिकाले आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ तथा निःशुल्क बनाउने नीति अनुरूप आवश्यक औषधि, स्वास्थ्य सामग्री, उपकरण, प्रयोगशाला सेवा तथा आयुर्वेद सेवाको प्रभावकारी व्यवस्थापन गरिएको छ ।  यस अवधिमा मुटुरोग, मृगौला रोग, क्यान्सर लगायत ८ वटा कडा रोगबाट प्रभावित ९६ जना बिरामीहरूलाई उपचार सहुलियतका लागि सिफारिस गरिएको छ । ३० जना विपन्न नागरिकहरूलाई उपचारका लागि कुल ४ लाख ६९ हजार ४ सय ६० रुपैया उपचार सहायता उपलब्ध गराइएको छ । मृगौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गराइरहेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघात भएका १९७ जना बिरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु. पाँच हजारका दरले कुल रु. ८६ लाख ४५ हजार उपलब्ध गराइएको छ । विद्यालय केन्द्रित खोप कार्यक्रम मार्फत ७९६ जना छात्रा तथा किशोरीलाई एच.पी.भी. खोप प्रदान गरी पाठेघरको मुखको क्यान्सरको रोकथाममा योगदान पुऱ्याइएको छ । साथै ग्रामीण अल्ट्रासाउण्ड घुम्ती शिविर मार्फत ४६४ जना गर्भवती महिलाहरूलाई गर्भ परीक्षण सेवा प्रदान गरी जोखिमयुक्त गर्भावस्थाको समयमै पहिचान, परामर्श तथा रेफरल सेवामा सहयोग पुऱ्याइएको छ । नगरपालिकाद्वारा सञ्चालित एम्बुलेन्स सेवाबाट १६० जनालाई सेवा प्रदान गरिएकोमा ८५ जना विपन्न बिरामीलाई निःशुल्क सेवा उपलब्ध गराइएको छ भने शववाहन सेवा प्राप्त गरेका २०२ जनामध्ये १६२ जना विपन्नलाई पूर्ण छुट प्रदान गरिएको छ । स्वास्थ्य सूचकहरुमा थप प्रगति गर्नुपर्ने आवश्यकता देखिए पनि नियमित खोप सुदृढिकरण गर्दै पूर्ण खोप सुनिश्चितता नगरपालिका समेत घोषणा गर्ने क्रममा रहेको छ ।

- लैंगिक समानता तथा समाजिक समावेशीकरण तर्फ मानसिक समस्या भएका ३ जना महिलाहरुलाई सुरक्षित आवास गृहमा व्यवस्थापन गरिएको छ । वडा नं. ६ र ७ लाई बालमैत्री नगरपालिका घोषणा गरिएको छ भने किशोरी तथा महिलामैत्री स्थान सेफ स्पेस (Safe Space) को निर्माण गरि सञ्चालनमा ल्याईएको छ । गत आर्थिक वर्षको GESI Audit गरि ८६% अंक प्राप्त गरि सर्वोत्तम नतिजा देखिएको छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ७ हजार ८३ जनाको सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण गरिएको, तेस्रो त्रैमासिक अवधिसम्ममा ७ हजार २ सय लाभग्राहीहरुलाई २२ करोड २६ लाख रुपैया सामाजिक सुरक्षा भत्ता वापत लाभग्राहीको बैंक खाता मार्फत उपलब्ध गराइएको छ ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८२।८३ को वार्षिक नीति तथा कार्यक्रम र वजेट कार्यान्वयनको सन्दर्भमा देखिएका समस्या तथा चुनौतीको बारे उल्लेख गर्न चाहन्छु । चालू आर्थिक वर्षमा भाद्र २३ र २४ को आन्दोलनको क्रममा नगर कार्यपालिका तथा वडा कार्यालयमा भएको आगजनी तथा तोडफोडले सेवा प्रवाहमा विकराल समस्या श्रृजना हुनुका साथै सो को पुनर्निर्माणका लागि श्रोत व्यवस्थापन झनै चुनौतीपूर्ण रहेको थियो । आर्थिक वर्षको अन्तिम चौमासिकमा अन्तर्राष्ट्रिय परिदृश्यका कारण भएको अस्वभाविक मूल्य वृद्धि तथा निर्माण सामग्री अभावका कारण कैयन परियोजना असफल हुने अवस्था श्रृजना भएको छ । विशेषतः सडक निर्माणको क्रममा देखिने स्थानीय अवरोध तथा विवादका कारण परियोजना समयमा सम्पन्न गर्न चुनौती थपेको छ । कृषि सामग्रीको सदुपयोग नहुनु, लक्षित वर्गका लागि तर्जुमा गरिएको कार्यक्रम वास्तविक लक्षित वर्ग सम्म नपुग्नु, यथेष्ट लगानीका बावजुद शिक्षण सिकाई उपलब्धी अपेक्षाकृत हुन नसक्नु, विपद्का कारण निजी आवासमा व्यापक क्षतिका साथै कृषि उत्पादनमा ह्रास आउनु, रोजगारीका पर्याप्त अवसर श्रृजना हुन नसक्नु, सामाजिक सञ्जालको दुरुपयोगले समाजमा नाकारत्मक भाव बढ्नु, संघीय सरकारबाट वित्तीय हस्तान्तरणमा कटौती हुनु तथा आन्तरिक आय संकलनमा शिथिलता देखिनु प्रमुख समस्याको रुपमा देखिएको छ । यसका अतिरिक्त योजनागत अनुशासन, वित्तीय श्रोत परिचालनमा दक्षता, जनप्रतिनिधी, कर्मचारी तथा सरोकारवाल बीच समन्वय अभिवृद्धि गर्न थप प्रभावकारी प्रयास गर्नुपर्ने देखिएको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म यस उर्लाबारी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएका निम्न आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छुः

- नेपालको संविधान तथा यसमा व्यक्त गरिएका राज्यको उद्देश्य, राष्ट्रिय नीति, मौलिक हक तथा निर्देशक सिद्धान्त
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- संघीय तथा प्रादेशिक आवधिक विकास योजना
- नगर सभाको सोह्रौं अधिवेशनको पहिलो बैठकमा पेश भएको नीति तथा कार्यक्रम
- उर्लाबारी नगरपालिकाकोआवधिक योजना तथा मध्यमकालीन खर्च संरचना
- नगरपालिकाको आन्तरिक स्रोत साधन तथा अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत् प्राप्त हुने श्रोत
- नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट प्राप्त उपलब्धी तथा विगतका विकास प्रयासको समीक्षा
- जनअपेक्षा तथा आवश्यकता
- विकासका अन्तरसम्बन्धित बिषयहरुः गरिबी निवारण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, लैंगिक विकास, सामाजिक समावेशीकरण
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु

**सभाध्यक्ष महोदय,**

स्वच्छ, समृद्ध तथा समतामूलक उर्लाबारीको सोच कार्यान्वयन गर्न आर्थिक वर्ष २०८३।८४ को राजश्व र व्यय अर्थात् बजेटको प्रमुख उद्देश्यहरु देहाय बमोजिम निर्धारण गरिएको जानकारी गराउन चाहन्छुः

१)	शैक्षिक पूर्वाधारको विकास तथा शैक्षिक सुशासन मार्फत् शिक्षालाई गुणस्तरिय, व्यवहारिक बनाई सबैको पहुँचमा पुर्याउने,

२)	कृषिको व्यवसायिक, आधुनिकीकरण तथा बजार व्यवस्थापनलाई सुनिश्चित गर्दै रोजगारी सिर्जनाको मुल आधारको रुपमा विकसित गर्ने,

३)	सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्ने,

४)	वैदेशिक रोजगारीको बाध्यता न्यूनिकरण गरि आन्तरिक रोजगारीको अवसर श्रृजना गर्नुका साथै वैदेशिक रोजगारलाई सुरक्षति र मर्यादित बनाउने तथा वैदेशिक रोजगारबाट प्राप्त सीपलाई सामाजिक पूँजीको रुपमा स्थापित गर्ने ।

५)	पूर्वाधार निर्माण र विकास कार्यलाई दिगो, वातावरणमैत्री र विपद् उत्थानशील बनाउने ।

६)	भाषा र संस्कृतिको संरक्षण मार्फत् उर्लाबारीको सांस्कृतिक पहिचानको सम्वर्धन गर्ने ।

७)	नागरिकको जीवनमा साकारात्मक परिवर्तन ल्याउन सार्वजनिक सेवा प्रवाहमा दक्षता, प्रभाकारिता तथा सुशासन अभिवृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३।८४ को राजश्व र व्ययको अनुमानको प्रमुख विशेषताहरुको बारेमा उल्लेख गर्न चाहन्छुः

- नगरपालिकाको राजश्वको सम्भावना र संकलन अवस्था बीचको खाडल न्यूनिकरण गर्न आन्तरिक आयको पुनर्संरचना गर्ने प्रयास गरिएको छ । करका दरहरु केही मात्रामा घटाईएको छ भने विवादित पटके करलाई पुर्णतः पुनरावलोकन गरिएको छ । राजश्वको अनुमान यथार्थमा आधारित बनाउने प्रयास गरिएको छ ।
- श्रोतको सीमितता र विकासको बढदो आवश्कता बीच सन्तुलन कायम राख्न फजुल खर्च तथा वितरणमुखी कार्यक्रम उपर नियन्त्रण कायम गरि चालू खर्चलाई वान्छित सीमा भित्र राखिएको छ ।

- वार्षिक बजेटलाई दिगो विकास लक्ष्य, गरिबी निवारण, जलवायू अनुकुलन, लैंगिक विकास, नगरपालिकाको आवधिक योजनाको रणनीति र वार्षिक नीतिसंग आबद्ध गरिएको छ ।
- बहुवर्षीय तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि पर्याप्त श्रोत विनियोजन गरिएको छ भने साना टुक्रे कार्यक्रमलाई नगरस्तरीय योजनामा रोक लगाईएको छ ।
- सेवा प्रवाहमा नवप्रर्वतन, सूचना प्रविधीको विकास तथा नगरपालिकाको आफ्नै **Opticle Fiber** पूर्वाधार निर्माणको लक्ष्य लिईएको छ ।
- युवाहरुसंग नगरपालिकाको विशेष सम्बन्ध पुनर्स्थापना गर्न कार्यक्रम तर्जुमा गरिएको छ ।
- शैक्षिक गुणस्तरमा सुधार तथा प्रभावकारी स्वास्थ्य सेवालाई प्राथमिकता दिइएको छ ।
- आर्थिक पूर्वाधार विकासका लागि बजार पूर्वाधार तथा पर्यटन पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुका साथै दिगो साझेदारी निर्माणको लक्ष्य लिइएको छ ।
- विपद् व्यवस्थापनमा पूर्वतयारी क्षमता विकासका लागि आपतकालीन कार्य सञ्चालन केन्द्रको प्रभाकारिता बढाउने प्रयास गरिएको छ ।
- समग्रमा विनियोजन कुशलता कायम गर्दै श्रोत परिचालनमा सुशासन कायम गरिएको छ ।
- बजेट विनियोजनमा अन्तरतह तथा बहुस्तरीय समन्वयलाई आत्मसात गरिएको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०८३।८४ को राजश्व र व्ययको क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

## आर्थिक विकास क्षेत्रः

### कृषि विकास तर्फः

- कृषि अनुदानको प्रभावकरिता अभिवृद्धि गर्न उत्पादन तथा उत्पादन क्षेत्रमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिदै रु. १३ लाख ७० हजार विनियोजन गरिएको छ ।
- बाली संरक्षण, बगर खेती विकास, कृषि चुना वितरण, साझेदारीमा प्राङ्गारिक मल उत्पादन कार्यक्रम, माटो स्वास्थ्य सुधार, मकै, तोरी तथा चैते धानको उत्पादन वृद्धिलाई प्राथमिकतामा राखि बजेट विनियोजन गरिएको छ भने कृषि यान्त्रिकीकरण/औजार उपकरण अनुदानको कार्यक्रममा रकम विनियोजन गरिएको छ ।
- आ.व. २०८२।८३ मा सञ्चालित कृषि पकेट कार्यक्रमलाई निरन्तरता दिई विस्तार समेत गरिएको छ ।
- उपभोक्ता हित संरक्षण तथा गुणस्तरीय खाद्य वस्तुको उपलब्धता सुनिश्चित गर्न सरोकारवालाको समन्वयमा सचेतनामूलक कार्यक्रमका साथै बजार अनुगमनलाई प्रभावकारी बनाउन कार्यक्रम तर्जुमा गरिएको छ ।
- **कृषि विकास तर्फ जम्मा रु. १ करोड ६२ लाख बजेट विनियोजन गरिएको छ ।**

### पशुपन्छी विकास तर्फः

- पशु सेवा शाखालाई भेटरिनरी अस्पतालको रुपमा रुपान्तरण गर्न आवश्यक पूर्वाधार निर्माणका लागि बजेटमा प्राथमिकता दिइएको छ । पशु स्वास्थ्य उपचार सेवामा पहुँच अभिवृद्धि गर्न सबै वडामा पशु सेवा प्राविधिकको उपलब्धता सुनिश्चित गरि पशु उपचारका लागि आवश्यक औषधी खरिद गर्न बजेट वृद्धि गरिएको छ ।
- पशु स्वास्थ्य सेवालाई विज्ञता र प्रविधीमा आधारित बनाउन बजेट विनियोजन गरिएको छ । रोग निरोधक खोप कार्यक्रम, सामुदायिक कुकुर बन्ध्याकरण शिविर, कृत्रिम गर्भाधान, माछा चुना वितरण, पशु आहार विकास कार्यक्रममा बजेट विनियोजन गरिएको छ ।

- उपभोक्तालाई स्वस्थकर मासुको उपलब्धता सुनिश्चित गर्न मासु पसल तथा फ्रेस हाउसको पूर्वाधार विकास, व्यवसायीको सचेतना अभिवद्धि तथा नियमित अनुगमनको लागि बजेट विनियोजन गरिएको छ ।
- **पशुपन्छी विकास तर्फ जम्मा रु. ८५ लाख १७ हजार बजेट विनियोजन गरिएको छ ।**

**पर्यटन तर्फः**

- सामुदायिक वनसंगको साझेदारीमा पर्यापर्यटन प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- रातेहोली क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन बमोजिम पर्यटन पूर्वाधारको निर्माण आगामी वर्ष शुरु गर्न बजेट विनियोजन गरिएको छ ।
- **पर्यटन तर्फ जम्मा रु. ४४ लाख बजेट विनियोजन गरिएको छ ।**

**वाणिज्य तथा सहकारी तर्फः**

- उर्लाबरी नगर क्षेत्र भित्र सञ्चालित हाटबजार व्यवस्थित गर्न विगतमा झैं पूर्वाधार निर्माणमा रु ३५ लाख विनियोजन गरिएको छ ।
- बसपार्क निर्माणका कारण जग्गा अभाव भएको कारण शुक्रबारे बजारलाई वडा नं. ४ मा स्थानान्तरण गरिनेछ । सो बजारका लागि आवश्यक पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भईसकेको र सोही अनुरुप पुर्वाधार निर्माणका लागि नगर विकास कोषको सहलगानीमा रु ५ करोड परिचालन गरिनेछ ।
- सहकारीको सिद्धान्त अनुरुप सहकारी सञ्चालनको सुनिश्चितता गर्न र सहकारी संस्थामा सुशासन कायम गर्न नियमित सघन सहकारी अनुगमन र सहकारी नियमन प्राधिकरण संग समन्वय कायम गरिनेछ साथै सहकारी संस्थाको पदाधिकारी र कर्मचारीको क्षमता विकास गरिनेछ ।

**जलस्रोत, सिंचाइ तथा तटबन्ध तर्फः**

- बक्राहा खोला, मावा खोला तथा सुनझोडा खोलामा तटबन्ध निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।

- बक्राहा र नुनसरी खोलाको पानीबाट उर्लाबारी नगरपालिकाको शिर देखि पुछार सम्म बाह्रै महिना पर्याप्त र भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउन उर्लाबारी सिंचाई परियोजनाको ठेक्का प्रकृया चालू आर्थिक वर्षमा नै शुरु गरिनेछ । यसका लागि २ वर्ष भित्र रु ८ करोड भन्दा बढी श्रोत परिचालन गरिनेछ । यसबाट परिश्रमी किसानको आकाशे पानी माथिको निर्भरताको बाध्यता अन्त्य हुने अपेक्षा लिएकी छु ।

**आर्थिक विकास क्षेत्र तर्फ कुल जम्मा रु. ५ करोड ७६ लाख ८२ हजार रकम विनियोजन गरिएको छ ।**

## सामाजिक विकास क्षेत्रः

### शिक्षा तर्फः

- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि आर्थिक वर्ष २०८०।८१ देखि ३ वर्षका लागि सञ्चालित Urlabari Quality Education and Literacy Project चालू वर्षमा सम्पन्न हुँदैछ । यस अवधीमा परियोजनाले लिएका अधिकांश लक्ष्य सम्पन्न भएका छन् । शिक्षा क्षेत्रलाई पुनः प्राथमिकतामा राख्दै यस अघिको परियोजनाको असल अभ्यासलाई निरन्तरता दिन तथा Unfinished Agenda पुरा गर्न पुनः दुई वर्षका लागि उर्लाबारी शैक्षिक गुणस्तर सुधार परियोजना (UNIQUE Project) सञ्चालन गरिनेछ । यस अन्तर्गत विद्यालयको भौतिक पूर्वाधार, शैक्षिक कृयाकलाप सञ्चालन गरिनुको साथै शैक्षिक कृयाकलापमा सूचना प्रविधीको उपयोगलाई अभिवृद्धि गरिनेछ । यसका लागि आगामी आर्थिक वर्षमा संघीय विशेष अनुदान तर्फको रु. १ करोड परिचालन गरिनेछ । यसबाट ज्ञानका श्रोतका रुपमा रहनु भएका शिक्षक वर्गमा शैक्षिक गुणस्तर सुधार गर्न थप उत्साह प्राप्त हुने विश्वास लिएकी छु ।
- शैक्षिक गुणस्तर अभिवृद्धि, शैक्षिक सुशासन कायम गर्न शिक्षक समेतको घनिष्ट सहकार्यमा सघन सहयोगात्मक अनुगमनलाई नियमित गरिनुको साथै बालबालिकाको सर्वाङ्गीन विकासका लागि अतिरिक्त कृयाकलाप सञ्चालन तथा दिवा खाजामा पोषण सुनिश्चित गरिनेछ ।

- बिग स्कुलको अवधारणा अनुसार विद्यार्थी संख्या तथा भौगोलिक सुगमताका आधारमा विद्यालय मर्जको प्रकृया आगामी आर्थिक वर्षमा प्रारम्भ गरिनेछ ।
- शिक्षकको कार्यसम्पादनलाई शिक्षक सरुवा संग आबद्ध गरिनेछ ।
- शिक्षकको क्षमता विकास तथा प्रभावकारी समन्वयक लागि तालीम लगायतका कार्यक्रम तर्जुमा गरिएको छ ।
- स्वयं सेवा गर्न ईच्छुक शिक्षक प्रति आभार प्रकट गर्दै स्वयंसेवक शिक्षक कार्यक्रमलाई निरन्तरता दिईएको जानकारी गराउँदछु ।
- विपन्न, दलित तथा जेहेन्दार विद्यार्थीको शैक्षिक पहुँच सुनिश्चित गर्न नगरपालिकाको छात्रवृती कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- उर्लाबारी बहुमुखी क्याम्पस व्यवस्थापनका लागि श्रोत व्यवस्थापन गरिएको छ भने नगरपालिकाकाबाट सञ्चालित लक्षित वर्ग कार्यक्रमको उपलब्धी मूल्यांकन लागि समेत क्याम्पससंग साझेदारी गरिनेछ ।
- निजी विद्यालय सञ्चालनका लागि सहज वातावरण निर्माण गरिनुका साथै यसलाई सेवामूलक बनाउन अनुगमनलाई तिव्रता दिईनेछ ।
- **शिक्षा तर्फ जम्मा रु. २४ करोड ७३ लाख २९ हजार बजेट विनियोजन गरिएको छ ।**

**जनस्वास्थ्य तर्फः**

- मौलिक हकको रुपमा रहेको निशुल्क आधारभुत सेवाको दायित्व वहन गर्न उर्लाबारी स्थानीय सरकारद्वारा यथेष्ट श्रोत विनियोजन गरिएको छ ।
- निशुल्क औषधी विवरण लगायत मधुमेह, रक्तचाप, मधुमेहको दुर्त जाँच तथा गर्भवती र सुत्केरी पोषणका लागि रु ४० लाख भन्दा बढी श्रोत विनियोजन गरिएको छ ।
- नियमित खोप र अभियान मार्फत् यस नगरपालिकाको पूर्ण खोप सुनिश्चितताको अवस्था बरकरार राखिनेछ ।
- महिलाहरुमा हुने पाठेघरको क्यान्सर रोकथामका लागि लागि खोप अभियान सञ्चालनका साथै यसै नगरपालिकाको दक्ष स्वास्थ्यकर्मी मार्फत् सबै स्वास्थ्य संस्थामा नियमित पाठेघर जाँचको व्यवस्था मिलाइनेछ ।

- स्वास्थ्यकर्मीको क्षमता विकासको लागि तालीम तथा समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको योगदानको कदर गर्दै यस नगरपालिकाबाट प्रदान गरिँदै आएको प्रोत्साहन रकममा कार्य सम्पादनका आधारमा २०% वृद्धि गरिएको छ ।
- विद्यालय पोषण, ग्रामीण अल्ट्रासाउण्ड तथा आयूर्वेद कार्यक्रमलाई निरन्तरता दिईएको छ । साथै चालू आर्थिक वर्षबाट आधारभुत स्वास्थ्य केन्द्र वडा नं. १ बाट औषधीबाट गरिने सुरक्षित गर्भपतन सेवा सुरुवात गरिनेछ ।
- सर्पदंश उपचार कार्यक्रम प्रभाकारी बनाउन र डायलाईसिस सेवाको पहुँच बढाउन मदन भण्डारी ट्रमा सेन्टरसंग सहकार्य गरिनेछ ।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकमका लागि संघीय सरकारको सहयोगबाट रु १ करोड ४ लाख ४० हजार व्यवस्थापन गरिएको छ ।
- **जनस्वास्थ्य तर्फ कुल ३ करोड ७८ लाख २५ हजार रुपैंया विनियोजन गरिनेछ ।**

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

- लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनालाई नेपाल सरकार र विश्व बैंकको सहयोहमा निरन्तरता दिईएको छ । यस अन्तर्गत प्रमुख रुपमा Safe Space सञ्चालन, महिला सीपमूलक तालीम, महिलाहरुको व्यक्तिगत तथा संस्थागत क्षमता विकास, लैंगिक हिंसा निवारण, राहत तथा उद्दार एवं किशोरकिशोरी मार्फत् विद्यालयमा रुपान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि मात्र रु २ करोड ४३ लाख विनियोजन गरिएको छ ।
- समाजको अमूल्य धरोहतको रुपमा रहनुभएको आदरणीय जेष्ठ नागरिकका लागि जेष्ठ नागरिक दिवा सेवा केन्द्र थप प्रभावकारी बनाउनुका साथै पुस्तान्तरण, तीर्थाटन एवं सम्मान कार्यक्रम आयोजना गर्न बजेट व्यवस्था गरिएको छ ।

- संघीय सरकार र प्रदेश सरकारको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ । अपांगमैत्री भवन सञ्चालनलाई आय आर्जनसंग आवद्ध गर्न अपाङ्गता कल्याण संघसंग सहकार्य गरिनेछ । साथै अपाङ्गमैत्री भवनबाट Safe Space सञ्चालनका सहकार्य गर्नुभएकोमा अपांगता कल्याण संघ प्रति आभार प्रकट गर्न चाहन्छु ।
- किशोर किशोरीसँग उपमेयर (हिंसा र कुरिती सम्बन्धी) कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ ।
- सम्वत २०८३ साल मै यस उर्लाबारी नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गरिनेछ । यसका लागि वडास्तर र नगरस्तरबाट यथेष्ट बजेट विनियोजन गरिएको छ ।
- असहाय, बेसहारा महिला, बालबालिका तथा अन्य व्यक्तिको आपतकालीन संरक्षण तथा पोषणका लागि विभिन्न गैर सरकारी संस्थासंग लागत साझेदारी गरि समन्वय गरिनेछ ।
- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ जम्मा रु. २ करोड ९८ लाख बजेट विनियोजन गरिएको छ ।**

**आदिवासी तथा जनजाति, दलित, तथा भाषा, कला, संस्कृति तथा साहित्य तर्फः**

- पहिलो जाति धिमाल, अन्य जनजाति तथा दलित लक्षित वर्गको क्षमता अभिवृद्धि, भाषा, कला संस्कृतिको संरक्षण कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । यसबाट उर्लाबारी नगरमा बसोबास गर्ने विभिन्न जातजातिको चाडपर्व, कला, संस्कृतिको सरक्षण हुन गई उर्लाबारीको विशेष पहिचान स्थापित हुने अपेक्षा गरेकी छु ।

**खानेपानी तथा सरसफाई तर्फः**

- विपन्न नागरिक धारा जडान कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- खानेपानी तथा सरसफाई सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गर्न आगामी आर्थिक वर्षमा WASH Plan तर्जुमा गरिनेछ ।

- साप्ताहिक बजारमा शौचालयको व्यवस्थापन गरिनेछ ।
- उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था मार्फत खानेपानीको गुणस्तर सुनिश्चित गर्न नियमित पानी परीक्षण, प्रयोगशाला पहुँच तथा अनुगमनको व्यवस्थापन गरिनेछ र घरायसी स्तरमा पानी शुद्धीकरण तथा सरसफाई व्यवहार प्रबर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**युवा तथा खेलकुद तर्फः**

- आगामी आर्थिक वर्षमा मेयर कप लिग फुटबल प्रतियोगिता सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ । यसबाट खेलाडी उत्पादनमा सहयोग पुग्नुका साथै खेलाडी र खेलप्रेमीमा उत्साह थपिने अपेक्षा गरेकी छु ।
- **विभिन्न विधाका खेलकुद कार्यक्रमका लागि रु. ३० लाख बजेट विनियोजन गरिएको छ ।**

**सामाजिक सुरक्षा तथा संरक्षण तर्फः**

- मानव सेवा, मायाघर, नमूना बालगृह तथा OCMC को सहकार्यमा अनाथ बालबालिका, असहाय तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण गरिनेछ ।
- विपन्न नागरिकको स्वास्थ्य, शिक्षा, पोषण तथा आवास लगायतको सामाजिक सुरक्षाका लागि बजेट विनियोजन गरिएको छ ।
- लागु पदार्थ दुर्व्यसनी विरुद्धको कार्यकम सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ ।
- समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सहज दर्ता तथा नवीकरणका लागि व्यवस्था मिलाउनुका साथै समयमै यस प्रकारका भत्ता उपलब्ध हुने सुनिश्चितता गरिएको छ ।
- **सामाजिक सुरक्षा तथा संरक्षण तर्फ जम्मा रु. ३७ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।**

**सामाजिक विकास क्षेत्र तर्फ कुल जम्मा रु. ३२ करोड ६६ लाख ४ हजार रकम विनियोजन गरिएको छ ।**

## पूर्वाधार विकास क्षेत्रः

### यातायात तथा भवन तर्फः

- विकासको मेरुदण्ड मानिएको सडक पुर्वाधारलाई बजेटमा प्राथमिकता दिईएको छ ।
- वडा नं. २ र ४, थापाडांगी देखि पुरानो मंगलबारे जोडने बक्स कल्भर्ट पुल निर्माण कार्य आगामी वर्ष शुरु गरि सम्बत २०८४ सालमा सम्पन्न गरिनेछ ।
- कालोपत्रे तथा स्तरोन्नति भएका सडकको नियमित मर्मत सम्भार गर्न रु १ करोड ४५ लाख बजेट विनियोजन गरिएको छ । यसबाट २ किलोमिटर भन्दा बढी सडकको मर्मत तथा स्तरोन्नति हुने लक्ष्य लिईएको छ ।
- पूर्वाधार विकासको असीमित आकाङ्क्षा तथा श्रोतको सीमितता बीच सन्तुलन कायम गर्न सफल देखिएको उपभोक्तासँग लागत साझेदारीमा सडक निर्माणका लागि रु ८० लाख बजेट विनियोजन गरिएको छ ।
- मानवीय स्वास्थ्य प्रवर्धन गर्न तथा बहुउद्देशीय प्रयोग हुने गरि कम्तीमा ५०० जना क्षमताको उर्लाबारी योग भवनको निर्माण कार्य शुरु गर्न बजेट विनियोजन गरिएको छ ।
- सम्पदा तथा धार्मिक पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- निर्मित सार्वजनिक पूर्वाधारको मर्मत सम्भार गर्न श्रोत माथि परेको दवाव कम गर्न पुर्वाधार विकास आयोजनामा विनियोजित रकममा कट्टी गरिने कन्टिन्जेन्सी २% मा सीमित गरि मर्मत सम्भार कोषका लागि १.५% रकम कट्टी गरिनेछ ।

### सूचना प्रविधि तर्फः

- वडा कार्यालय सम्म विस्तार गरिएको नगरपालिकाको Opticle Fiber को संरचना सामुदायिक विद्यालय सम्म विस्तार गर्न र सार्वजनिक स्थल तथा सामुदायिक विद्यालयमा सि.सि.टि.भि क्यामेरा जडानका लागि बजेट विनियोजन गरिएको छ । यसबाट सूचना प्रविधीको मेरुदण्ड पूर्वाधार तयार हुनेछ भने सार्वजनिक सुरक्षा व्यवस्था भरपर्दो हुने अपेक्षा गरिएको छ ।

- सार्वजनिक निकायमा Free WIFI सुविधा उपलब्ध गराउन साथै जनप्रतिनिधि, कर्मचारी तथा युवाहरुलाई लक्षित गरि AI र Cyber Security सम्बन्धी तालीम सञ्चालन गर्न बजेट व्यवस्था गरिएको छ ।
- **सूचना प्रविधी क्षेत्रमा कुल रु ३० लाख विनियोजन गरिएको छ ।**

**उर्जा तर्फः**

- समुदायको लागत साझेदारीमा सफलतापूर्वक सञ्चालित उज्यालो उर्लाबारी कार्यक्रमका लागि ६० लाख बजेट विनियोजन गरिएको छ । यसबाट सडक बत्ती महसुल, मर्मत तथा नयाँ स्थानमा सडक बत्ती जडान गरिनेछ ।
- वैकल्पिक ऊर्जा प्रवर्धनका लागि रु १० लाख विनियोजन गरिएको छ ।

**नगर गौरव र प्राथमिकता प्राप्त आयोजना तर्फः**

- नगरपालिकाको गौरवको योजना तथा प्राथमिकता प्राप्त र बहुवर्षीय आयोजनाको रुपमा रहेको बक्राहा विष्णु गंगाघाट, बस पार्क, झुम्रा पुल, सार्वजनिक शौचालय, समावेशी पार्क आगामी वर्ष सम्पन्न गरिनेछ र यसका लागि रु १३ करोड १५ लाख बजेट विनियोजन गरिएको छ ।
- भद्रमारी सडक कालोपत्रे निर्माणका लागि बजेट विनियोजन गरिएको छ ।

**पूर्वाधार विकास क्षेत्र तर्फ प्रदेश सरकारबाट २ करोड २५ लाख, संघीय सरकारबाट ८५ लाख र नगरपालिकाको आन्तरिक २६ करोड ९७ लाख गरि कुल जम्मा रु. ३० करोड ७ लाख रकम विनियोजन गरिएको छ ।**

**वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन**

- विपद् व्यवस्थापन कोषको समार्थ्य वृद्धिका लागि रु ४० लाख विनियोजन गरिएको छ ।

- वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिईएको छ । विपद् प्रतिकार्यका लागि सशस्त्र प्रहरी बलको सहकार्यमा स्वयंसेवक तयार गरि परिचालन गर्न बजेट विनियोजन गरिएको छ ।
- स्थानीय अनुकुलन कार्ययोजनालाई संघ, प्रदेश तथा अन्य सरोकारवालासंगको समन्वयमा कार्यान्वयन गरिनेछ ।
- प्रदेश सरकारको सहकार्यमा आपतकालीन सेवा केन्द्र सञ्चालन गर्न जग्गा उपलब्ध गराई थप रकम बिनियोजन गरिएको छ ।
- यस क्षेत्रमा कुल ७० लाख ८० हजार विनियोजन गरिएको छ ।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः

- सार्वजनिक जवाफदेहिता प्रबर्द्धन, मानव संशाधनको क्षमता विकासका लागि बजेट विनियोजन गरिएको छ ।
- न्यायिक समितिको प्रभावकारिता अभिवृद्धिका लागि नयाँ मेलमिलापकर्ता तयार गर्न तालीमको लागि बजेट विनियोजन गरिएको छ ।
- आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरि श्रोत परिचालनमा सुशासन कायम गर्नुका साथै बरुजु फछ्र्यौटलाई प्राथमिकता दिईने छ ।
- नगरपालिकाको राजश्व क्षमता अभिवृद्धिका लागि म तिर्छु कर, बनाउँछु उर्लाबारी नगर अभियानलाई निरन्तरता दिइएको छ ।
- सेवाग्राहीलाई राजश्व भुक्तानीमा सहजता ल्याउन कर तथा शुल्कलाई डिजिटल भुक्तानी प्रणालीमा आबद्ध गर्न बजेट विनियोजन गरिएको छ ।
- कर्मचारी, खेलाडी, पत्रकार, करदाता तथा रोजगारदाता र श्रमिक सम्मान कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
- कर्मचारीको विद्यमान न्यून तलबबाट मर्यादित जीवनयापन कठिन हुने अवस्थालाई मध्यनजर गरि संघीय सरकारबाट घोषणा गरिएको तलब बृद्धि र प्रोत्साहन भत्ता स्थानीय सेवामा कार्यरत कर्मचारीलाई उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरिएको छ । यसबाट स्थानीय सेवाको स्थायी तथा करार, सबै प्रकारका कर्मचारीहरुको उत्प्रेरणा बढने अपेक्षा गरेकी छु ।

- श्रम रोजगार प्रवर्धन कार्यक्रमक लागि संघीय सरकार र प्रदेश सरकार संग साझेदारी गर्न रु २० लाख विनियोजन गरिएको छ । यसबाट उद्यमशीलता प्रवर्धन हुने, उत्पादन बढने र दिगो रोजगारी श्रृजना हुने अपेक्षा गरेकी छु ।
- अनौपचारिक क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गर्न नगरपालिकाको योगदान बापत रु १५ लाख विनियोजन गरिएको छ ।
- वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन सुरक्षित आप्रवासन कार्यक्रम र वैदेशिक रोजगारबाट फर्किएको व्यक्तिहरुको पुनः एकीकरणका लागि बजेट तर्जुमा गरिएको छ ।
- मानव अधिकारको राष्ट्रिय कार्ययोजना कार्यान्वयन गरि मानव विकास सुचकांकमा सुधार ल्याउन विभिन्न कार्यक्रम तर्जुमा गरि बजेट विनियोजन गरिएको छ ।
- नगरपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा प्रभावकारी रुपले प्रवाह गर्न तथा बजेटले लिएको लक्ष्य पुरा गर्न आवश्यक कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चलाई कुल बजेट १९% भित्र सीमित गरिएको छ ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ कुल जम्मा रु. १ करोड ६२ लाख १४ हजार रकम विनियोजन गरिएको छ ।**

यसका साथै संघीयताको मर्म अनुरुप जनताको शासनमा अधिकाधिक सहभागिता सुनिश्चित गर्न एवं वडाको आवश्यता सम्बोधन गर्न वडा स्तरीय योजना तथा कार्यक्रमका लागि बजेट वृद्धि गरि कुल ९ करोड ९० लाख पुर्याईएको छ । वडा कार्यालय सञ्चालन खर्च बापत प्रति वडा ५ लाखका दरले कुल रु ४५ विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको रु १०४ करोड ४४ लाख ६० हजार को खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आय रु. १६ करोड ५९ लाख ३३ हजार ६ सय ३५ संकलन गर्ने लक्ष्य लिएको छ भने संघीय सरकारको वित्तीय समानिकरण तर्फ रु. १५ करोड ९३ लाख, विशेष अनुदान तर्फ रु. १ करोड, समपुरक अनुदान तर्फ ५५ लाख

र सशर्त अनुदान तर्फ २९ करोड ६९ लाख प्राप्त हुनेछ । प्रदेश सरकारको वित्तीय समानीकरण तर्फ १ करोड ५० लाख ४६ हजार, सशर्त अनुदान तर्फ ३ करोड ५८ लाख ५१ हजार र समपुरक अनुदान तर्फ ६० लाख प्राप्त हुनेछ भने संघ, प्रदेश र स्थानीय राजश्व बाँडफाँटबाट प्राप्त रु. २१ करोड ९४ लाख २९ हजार ३ सय ६५ रुपैया प्राप्त गरिनेछ । यसका साथै जनसहभागिता बापत रु २ करोड तथा सडकबोर्ड बाट रु. ६५ लाख र नगर विकास कोषबाट रु १ करोड ३० लाख अनुदान प्राप्त गर्ने लक्ष्य लिइएको छ ।

यसका बाबजुद हुन आउने न्यून वित्त नगर विकास कोषबाट रु ९ करोड १० लाख ऋण प्राप्त गरि पुरा गरिनेछ ।

आगामी आर्थिक वर्ष हुने कुल खर्च मध्ये चालू खर्च रु ५६.३६%, पूँजीगत खर्च रु ४२.२३% र वित्तीय व्यवस्था अन्तर्गत १.२९% खर्च हुनेछ ।

आर्थिक वर्ष २०८३।८४ को कुल बजेट मध्ये लैंगिक संवेदनशीलताको दृष्टिले २.११% निर्दिष्ट र ७.८४% सहयोगी रहेको छ । गरिबी निवारणको दृष्टिले ९.३९% प्रत्यक्ष लक्षित, जलवायू परिवर्तनको दृष्टिले ०.७७% अत्यन्त सान्दर्भिक र ६.२३% सान्दर्भिक रहेको छ । आगामी आर्थिक वर्षको ४७.१८% रकम दिगो विकास लक्ष्य केन्द्रित रहने छ ।

***सभाध्यक्ष महोदय,***

आगामी आ.व २०८३।०८४ का लागि नगरपालिकाको विषयक्षेत्रगत तथा कार्यक्रमगत योजना तथा कार्यक्रमको विस्तृत विवरण यसैसाथ छुट्टै पानामा संलग्न गरिएको छ ।

यसका साथै आ.व. २०८३/०८४ देखि २०८५/०८६ सम्मको लागि उर्लाबारी नगरपालिकाको मध्यमकालिन खर्च संरचना र आर्थिक सर्वेक्षण (आ.व. २०८२।०८३) समेत यसै सम्मानित नगरसभा समक्ष पेश गरेको छु ।

*अन्त्यमा,*

उर्लाबारी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशनको यस बैठकमा प्रत्यक्ष एवम् परोक्ष सहयोग पुर्याउनु हुने नगर सभा सदस्यज्यूहरु विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकार महोदयहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, कर्मचारीहरु, सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी दाजुभाई दिदी बहिनीहरुलाई हार्दिक धन्यबाद दिन चाहान्छु । साथै आगामी दिनहरुमा पनि यहाँहरुको सक्रिय सहभागिता, सहयोग र सहकार्यको अपेक्षा समेत गर्दछु ।

**मिना कुमारी खतिवडा**
**नगर उप-प्रमुख**